

## नेपालमा कसलाई चाहियो समाजवाद ? (२)

✍ विमल लामिछाने


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com








❑ वर्ष-२१ ❑ अंक - १६७ ❑ २०८३ असार ११ गते बिहीबार ❑ Thursday, 25 June, 2026 ❑ मूल्य ७ /-


# दमक नपाको १ अर्ब ५८ करोड बढीका बजेट

## बेरूजु फछ्र्योट र आर्थिक सुशासनलाई प्राथमिकता

✍ खगेन्द्र कार्की




**दमक/** दमक नगरपालिकाले १ अर्ब ५८ करोड ६९ लाखको बजेट प्रस्तुत गरेको छ । बुधबार १९ औँ नगरसभामा आर्थिक वर्ष २०८३/८४ का लागि १ अर्ब ५८ करोड ६९ लाख रूपैयाँको बजेट प्रस्तुत गरिएको हो । नगर प्रमुख रामकुमार थापाको अध्यक्षतामा सम्पन्न अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक रेगिना भट्टराई प्रसाईले नीति तथा कार्यक्रम, आर्थिक विधेयक तथा विनियोजन विधेयकलगायत अन्य विषयगत समितिका प्रतिवेदनहरू प्रस्तुत गरेकी थिइन् ।

प्रस्तावित बजेटमध्ये चालुतर्फ ८५ करोड ८१ लाख ५९ हजार रूपैयाँ, पुँजीगततर्फ ६८ करोड २२ लाख ४१ हजार रूपैयाँ र वित्तीय व्यवस्थातर्फ ४ करोड ६५ लाख ९२ हजार रूपैयाँ विनियोजन गरिएको छ । बजेटका लागि नगरपालिकाको आन्तरिक आम्दानीबाट ४४ करोड ३८ लाख ५५ हजार रूपैयाँ, संघीय सरकारको अनुदानबाट ५८ करोड ९६ लाख रूपैयाँ, प्रदेश सरकारको अनुदानबाट ४ करोड ९४ लाख १८ हजार रूपैयाँ, राजस्व बाँडफाँटबाट ३३ करोड ३४ लाख १७ हजार रूपैयाँ तथा जनसहभागिताबाट १ करोड रूपैयाँ जुटाइने जनाइएको छ ।

नगरपालिकाले आगामी वर्षका लागि शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, कृषि, सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन र सुशासनलाई प्राथमिकतामा राखेको छ । शिक्षा क्षेत्रमा ३२ करोड ३७ लाख ५५ हजार रूपैयाँ, स्वास्थ्य क्षेत्रमा ९ करोड ३४ लाख रूपैयाँ, लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा २ करोड ५५ लाख रूपैयाँ विनियोजन गरिएको छ । यस्तै यातायात पूर्वाधार विकासका लागि ५५ करोड १७ लाख रूपैयाँ, भवन तथा सहरी विकासमा ११ करोड २५ लाख रूपैयाँ, सूचना प्रविधिमा १ करोड रूपैयाँ र पुनर्निर्माणमा ५ करोड रूपैयाँ छुट्याइएको छ ।

नगरपालिकाले अधुरा तथा बहुवर्षीय आयोजनालाई सम्पन्न गर्ने लक्ष्यसहित बजेट विनियोजन गरेको जनाएको छ । कृषि क्षेत्रको उत्पादन वृद्धि र किसानको निराशा कम गर्न अनुदान तथा निःशुल्क सेवा कार्यक्रम सञ्चालन गरिने भनिएको छ । कृषि विकासका लागि १ करोड ८८ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ । विद्यालय पूर्वाधार, खानेपानी, शौचालय निर्माण तथा बालशिक्षिका र कर्मचारीको पारिश्रमिकमा १० प्रतिशत थप सुविधा निरन्तरता दिइने व्यवस्था पनि बजेटमा समेटिएको छ ।

### बजेटका १० बुँदा

- आर्थिक वर्ष २०८३/८४ का लागि १ अर्ब ५८ करोड ६९ लाख रुपैयाँको बजेट प्रस्ताव गरिएको छ ।
- बजेटमध्ये चालुतर्फ ८५ करोड ८१ लाख, पुँजीगततर्फ ६८ करोड २२ लाख र वित्तीय व्यवस्थातर्फ ४ करोड ६५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।
- यातायात पूर्वाधारमा ५५ करोड १७ लाख रुपैयाँ छुट्याइँदै पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइएको छ ।
- शिक्षा क्षेत्रमा ३२ करोड ३७ लाख ५५ हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ, जुन सामाजिक विकासतर्फको सबैभन्दा ठूलो हिस्सा हो ।
- स्वास्थ्य क्षेत्रमा ९ करोड ३४ लाख रुपैयाँ बजेट छुट्याइँदै स्वास्थ्य सेवा विस्तारलाई प्राथमिकता दिइएको छ ।
- नगरपालिकाको आन्तरिक आम्दानीबाट ४४ करोड ३८ लाख रुपैयाँ खर्च व्यहोर्ने लक्ष्य राखिएको छ ।
- महालेखा परीक्षकको प्रतिवेदनअनुसार चालु वर्षमा ४ करोड १ लाख ७८ हजार रुपैयाँ बेरुजु देखिएको छ ।
- अघिल्लो वर्षको बाँकी बेरुजुसहित कुल बेरुजु ३१ करोड ५२ लाख ५६ हजार रुपैयाँ पुगेको छ ।
- लेखा समितिले 'बेरुजु शून्य सहनशीलता नीति' लागू गरी असुली, नियमितीकरण र पेश्की फछ्र्योटलाई तीव्र बनाउन सुझाव दिएको छ ।
- आर्थिक पारदर्शिता, मितव्ययिता, सुशासन र प्रभावकारी सेवा प्रवाह आगामी वर्षका प्रमुख सुधारका क्षेत्रका रूपमा औंल्याइएको छ ।

लेखा समिति संयोजक गोपाल कृष्ण संग्रौलाले प्रस्तुत गरेको लेखा समितिको प्रतिवेदनले आर्थिक अनुशासन, पारदर्शिता बाँकी ४ पेजमा ▸▸

# विपद् प्रतिकार्य तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन

**दमक/** झापा, धनकुटा, सुनसरी र मोरङ जिल्लाका स्थानीय तहमा रहेका नगर प्रहरी तथा स्थानीय वासिन्दाहरूलाई लक्षित गरी विपद् प्रतिकार्य तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीको आयोजना र आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेशको सहयोगमा ७ दिने अवधिको विपद् प्रतिकार्य तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन भएको छ ।

सो तालिममा आगलागी, जल उत्पन्न प्रकोप, प्राथमिक उपचार, सिपिआर, रोप रेस्क्यु, भत्केका घर तथा संरचनाहरूमा खोज तथा उद्धार लगायतका विषयहरूमा सैद्धान्तिक एवं प्रयोगात्मक अभ्यासहरु गराइने छ । तालिम तथा सचेतनामूलक कार्यक्रम सशस्त्र प्रहरी बल नेपाल नं. २ गण झापा, नं. ३ कंकालिनीमाई गण मोरङ, रंगेली नगरपालिकाको सभाहल, नं. ४ गण सुनसरी, र नं. ६ छिन्ताङ्ग गुल्म धनकुटामा गरी ४ ठाउँमा सञ्चालन गरिने छ । तालिममा प्रत्येक ठाउँका २०-२० जना नगर प्रहरी तथा स्थानीय बासिन्दा गरी जम्मा १ सय जनाको सहभागिता रहेको छ । सो तालिम असार १६ गतेसम्म सञ्चालन हुनेछ ।

## विष्णु पौडेलको रिहाइ माग गर्दै सर्वोच्चमा रिट दर्ता



**दमक/** नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलको पक्राउ गैरकानुनी भएको दाबी गर्दै उनकी पत्नी दोमाया पौडेलले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी छन्। रिटमाथिको सुनुवाइ बिहीबार हुने भएको छ ।

बुधबार दायर गरिएको रिटमा विशेष अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा जिल्ला प्रहरी कार्यालय सुर्खेतलाई बाँकी ४ पेजमा ▸▸

## विद्युतीय मतदानमार्फत् रास्वपाले नयाँ नेतृत्व चयन गर्दै

◆ **आजै नेतृत्व चयन हुने दावी**

दमक । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशनअन्तर्गत नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अन्तिम चरणमा पुगेको छ । केन्द्रीय निर्वाचन आयोगले निर्वाचन तालिका संशोधन गर्दै महाधिवेशन प्रतिनिधिको अन्तिम नामावली सार्वजनिक गरेको जनाएको छ । संशोधित तालिकाअनुसार उम्मेदवारको प्रारम्भिक नामावली बुधबार दिउँसो ३:३० बजे प्रकाशन गरिएको थियो । उम्मेदवारविरूद्ध दाबी-विरोध, उजुरी जाँचबुझ तथा नाम फिर्ता लिने प्रक्रिया पूरा भएपछि साँझ ६:३० बजे उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरिएको थियो ।

निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार उम्मेदवारविरूद्ध परेको उजुरीमाथि आवश्यक छानबिन गरी अन्तिम सूची प्रकाशन गरिएको हो । बेलुका ६:४५ बजेदेखि मौन अवधि सुरू गरिएको छ भने मतदान राति ८:३० बजेदेखि सुरू गर्ने व्यवस्था मिलाइएको छ । पहिलो चरणमा ३८४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्, बाँकी ४ पेजमा ▸▸

## १० हजार ८४५ विद्युतीय सवारी आयात

**दमक/** चालु आर्थिक वर्षको प्रथम ११ महिनामा २५ अर्ब ५५ करोड ९९ लाख १६ हजार बराबरका १० हजार ८४५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा ५० किलोवाट क्षमतादेखि २०१ किलोवाट क्षमताका विभिन्न ढाँचाका विद्युतीय सवारीसाधन आयात भएका हुन् ।

उक्त अवधिमा पाँच अर्ब ६५ करोडबराबरका ५० किलोवाट क्षमताका तीन हजार ६८० वटा विद्युतीय वाहन आयात भएका छन् । सोही अवधिमा १६ अर्ब ४९ करोड ७९ लाख ४६ हजार बराबरका ५१ किलोवाटदेखि १०० किलोवाटका ६ हजार ३५७ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन् ।

## अश्लील हर्कत गर्ने ४ जना पक्राउ

**उर्लाबारी/** विराटनगर महानगरपालिका-१ स्थित परोपकार घाटमा अश्लील हर्कत गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । दाहसंस्कार गरिने पवित्र सार्वजनिक स्थलमा अभद्र व्यवहार देखाएको भन्दै उनीहरूलाई नियन्त्रणमा लिइएको हो ।

जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार मंगलबार राति करिब १२:३० बजेको समयमा घाटमा केही व्यक्तिहरु भेला भई हो-हल्ला गरिरहेको र तीमध्ये दुई जना पुरूष निर्वस्त्र अवस्थामा रहेको सूचना प्राप्त भएको थियो । सोही सूचनाका आधारमा तत्काल खटिएको प्रहरी टोलीले उनीहरूलाई घटनास्थलबाटै नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेहरूमा मोरङका सुरेन्द्र मणि मण्डल, सुनसरीका कैलाश ढुङ्गाना, भोजपुरका मनिष काफ्ले र मोरङका छविलाल घिमिरे रहेका छन् । जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मकेन्द्र कुमार मिश्रका अनुसार पक्राउ परेका व्यक्तिहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको छ ।

## रास्वपा महाधिवेशन लम्बिँदा प्रतिनिधिसभा बैठक स्थगित

**दमक/** बिहीबार बोलाइएको प्रतिनिधिसभा बैठक बैठक स्थगित गरिएको छ । बुधबार संघीय संसद् सचिवालयले बैठक सूचना टाँस गरेर प्रतिनिधिसभा बैठक स्थगित भएको जानकारी गराएको हो । बिहीबार बिहान ११ बजे बस्नेगरी तय भएको बैठक विशेष कारणवश बस्न नसक्ने भएकाले प्रतिनिधिसभा नियमावली २०८३ को नियम ६ को उपनियम ३ बमोजिम सभामुख डोल प्रसाद अर्यालले असार १२ गते शुक्रबार दिउँसो १ बजेका लागि निर्धारण गरेको संघीय संसद्का महासचिव पद्म प्रसाद पाण्डेद्वारा जारी सूचनामा उल्लेख छ । चितवनमा जारी रास्वपाको महाधिवेशन लम्बिएका कारण प्रतिनिधिसभा बैठक स्थगित गरिएको बताइएको छ ।

## सांसद निर्मला लिम्बुलाई पदमुक्त गर्ने !

**दमक/** जनता समाजवादी पार्टी (जसपा) नेपालले कोशी प्रदेशसभा सदस्य निर्मला लिम्बुलाई पदमुक्त गर्ने भएको छ । सर्वोच्च अदालतले उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई आधिकारिकता दिएको फैसला सुनाएपछि पार्टीले लिम्बुविरूद्ध कारबाही प्रक्रिया सुरू गर्न लागेको हो ।

अशोक राई नेतृत्वको समूहले पार्टी विभाजन गरेर नयाँ दल गठन गर्ने क्रममा लिम्बु राई पक्षमा खुलेर सनाखत गरेकी थिइन् । त्यसैका आधारमा उनलाई हटाउने तयारी गरिएको जसपा नेपालका नेताहरूले बताएका छन् ।

गत बिहीबार सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी, महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको पूर्ण इजलासले उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई आधिकारिक दल मान्दै रिट जारी गर्ने फैसला सुनाएको थियो । निर्वाचन आयोगले अशोक राई समूहलाई नयाँ दलका रूपमा बाँकी ४ पेजमा ▸▸

## तराई क्षेत्रमा निरन्तर तापक्रम वृद्धि

# सतर्कता अपनाउन आग्रह

**दमक/**तराई क्षेत्रमा निरन्तर तापक्रम वृद्धि भइरहेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाले तराई भेगका सर्वसाधारणलाई तातोबाट जोगिन र सावधानी अपनाउन आग्रह गरको छ ।

जल तथा मौसम विज्ञान विभागका प्रवक्ता विभूति पोखरेलले आगामी तीन दिनसम्म सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो हावा चल्ने पूर्वानुमान गरिएको जानकारी दिंदै बागमती र गण्डकी प्रदेशमा पनि तापक्रम बढ्ने सम्भावना भएकाले सावधानी अपनाउन अनुरोध गरे । आगामी दिनमा धनगढीमा अधिकतम तापत्रमक्रम ४० डिग्री सेल्सियस र नेपालगञ्ज र भैरहवाको तापक्रम ४१ डिग्री सेल्सियस पुग्ने विभागको पूर्वानुमान शाखाले जनाएको छ ।

यसैबीच राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्षको मनसुनका कारण देशभर करिब ५१ हजार घरधुरी प्रभावित हुनसक्ने अनुमान गरेको छ ।

प्राधिकरणकी सूचना अधिकारी शान्ति महतका अनुसार यस वर्षको मनसुनबाट करिब २ लाख २६ हजार नागरिक विपद्को जोखिममा रहेका छन् ।

असार ५ गते शुक्रबार कोशी प्रदेशबाट नेपाल प्रवेश गरेको मनसुन प्रणाली अझै पनि त्यहीँ कमजोर अवस्थामा रहेको र देशभर सक्रिय हुन थप केही दिन लाग्ने प्राधिकरणले जनाएको छ ।

## एमाले त्यागेका चौलागाईं श्रम संस्कृति पार्टीमा प्रवेश



**इटहरी /** नेकपा एमाले सुनसरीका पूर्वनेता रामप्रसाद चौलागाईँ हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीमा प्रवेश गरेका छन् । एमालेसँग लामो समयदेखि असन्तुष्ट रहँदै आएका चौलागाईँले दुई महिनाअघि पार्टी परित्यागको घोषणा गरेका थिए । बुधबार सामाजिक सञ्जालमार्फत जानकारी दिँदै उनले श्रम संस्कृति पार्टीका अध्यक्ष तथा धरान उपमहानगरपालिकाका मेयर हर्कराज राईको हातबाट पार्टी सदस्यता, टि-सर्ट र ब्याच ग्रहण गरी पार्टीमा आबद्ध भएको बताएका छन् ।


**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

⇒ सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुर्‍याऔं,
⇒ सार्वजनिक स्थलमा सरसफाइ गरौं,
⇒ सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
⇒ ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
⇒ अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
⇒ जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

*सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## विधिको शासन आवश्यक

नेपालमा पछिल्लो समय सुशासन र भ्रष्टाचार नियन्त्रणका नाममा चासो र सक्रियता बढेको देखिन्छ । विभिन्न कालखण्डमा भएका अनियमितता र घोटालाहरुमा उच्चपदस्थ नेता तथा पूर्वमन्त्रीहरु पक्राउ पर्ने र अनुसन्धानको दायरामा आउने क्रम चल्नु सकारात्मक सुरूआत हो । यसै पृष्ठभूमिमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले झापाको बिर्तामोडमा आयोजित एक कार्यक्रममा सरकारलाई भ्रष्टाचारका सबै फाइलहरु खोल्न दिएको चुनौती र राखेको अडान मननीय छ ।

थापाको यो अभिव्यक्तिले विधिको शासन र निष्पक्ष अनुसन्धानको मर्मलाई प्रतिनिधित्व गर्छ । राजनीतिक दलहरुमा आफ्ना नेता पर्दा □प्रतिशोध□ र अरु पर्दा □सुशासन□ देख्ने दोहोरो चरित्र हाबी भइरहेका बेला, आफ्नै दलका नेता परे पनि पार्टीले नजोगउने घोषणा गर्नु आफैँमा स्वागतयोग्य छ ।

राजनीतिक संरक्षणकै कारण विगतमा ठूला-ठूला भ्रष्टाचारका काण्डहरु सामसुम पारिएका अनगिन्ती उदाहरणहरु छन् । यस्तो अवस्थामा प्रमुख सत्तारूढ वा प्रतिपक्षी दलका जिम्मेवार नेताबाट जोसुकै परोस्, फाइल खोलियोस् । भन्नुले अनुसन्धान गर्ने निकायलाई एक प्रकारको नैतिक बल प्रदान गर्छ ।


तर, नेता थापाले अनुसन्धान लहडका भरमा होइन, कानुनी प्रक्रियाअनुसार हुनुपर्छ र आग्रह वा पूर्वाग्रह राखिनु हुँदैन पनि भनेका छन् । यो संशय त्यसै उब्जिएको होइन । नेपालमा भ्रष्टाचार नियन्त्रणका प्रयासहरु कतिपय अवस्थामा सस्तो लोकप्रियता कमाउने माध्यम, राजनीतिक बार्गेनिङको हतियार वा विपक्षीलाई तह लगाउने औजारका रुपमा प्रयोग हुने गरेको जनगुनासो ब्याप्त छ । अनुसन्धान प्रक्रिया स्टन्टबाजी वा कसैलाई राजनीतिक रुपमा समाप्त पार्ने नियतबाट प्रेरित भयो भने त्यसले सुशासन होइन, विधिको शासनकै उपहास गर्छ ।

पछिल्लो समय मुख्य चासो बनेको अनुसन्धानको उद्देश्य प्रचार बाजी वा प्रतिशोध मात्र हुनु हुँदैनह्य यसको अन्तिम परिणाम प्रमाणमुखी, न्यायसंगत र अदालती कसिमा टिक्ने खालको हुनुपर्छ ।

अहिले देशले खोजेको वास्तविक सुशासन हो, राजनीतिक दाउपेच होइन । सरकार र अनुसन्धानकारी निकायहरुले गगन थापाको यो चुनौतीलाई एउटा अवसरका रुपमा लिनुपर्छ । नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) वा नयाँ भनिएका दलहरु जोसुकैका नेता वा कार्यकर्ता किन नहुन्, दोषी पाइएमा कसैले पनि उन्मुक्ति पाउनु हुँदैन । अब सरकारले आफ्नो नियत सफा रहेको प्रमाणित गर्ने बेला आएको छ । ललिता निवास, भुटानी शरणार्थी, गिरिबन्धु टी-स्टेट, वा ओम्नी र सेक्युरिटी प्रिन्टिङ प्रेस जस्ता अनेकन् पुराना र नयाँ काण्डहरुको फाइल बिनाकुनै पूर्वाग्रह खोलिनुपर्छ । अनुसन्धान निष्पक्ष, पारदर्शी र तथ्यपरक हुनुपर्छ, ताकि सर्वसाधारणमा राज्यका संयन्त्र र न्याय प्रणालीप्रति भरोसा पुनर्स्थापित हुन सकोस् ।

कुनै पनि राजनीतिक दल वा नेता अनुसन्धानको प्रक्रियाभन्दा माथि हुन सक्दैनन् । सरकारले मेरो र तेरो नभनी निष्पक्षताको कसिमा उभिएर अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन सक्यो भने मात्रै देशमा विधिको शासन स्थापित हुनेछ । लहड र प्रतिशोधको राजनीति त्यागेर प्रमाण र कानुनका आधारमा अघि बढ्नु नै आजको आवश्यकता हो ।

# नेपालमा कसलाई चाहियो समाजवाद ?



✍ विमल लामिछाने

**नेपालमा समाजवादको पहिलो उद्घोष गर्ने ब्यात्ति वी.पी. कोइराला भएको नेपालको राजनीतिक इतिहासले बताउँछ। वीपी कोइरालाले समाजवादलाई अध्यात्मसँग समेत जोडेर ब्याख्या गरेका छन् । उनको आत्मकथामापनि समाजवाद नेपाली समाजको पहिलो सर्त भनेका छन् ।**

नेपालमा समाजवादको नारा नयाँ होइन । कम्युनिष्टहरूको उदयसँगै समाजवादको नारा पेचिलो बन्दै आएको छ । अहिलेपनि आफूलाई कम्युनिष्ट भन्नेहरू सबैले समाजवादकै नारा लगाउँदै आएका छन् । के हो समाजवाद ? कसकालागि चाहियो समाजवाद ? नेपाली समाजवाद कस्तो हुनुपर्छ ? जनतालाई समाजवादले के दिन्छ ? यावत प्रश्न छन् सतहमा । समाजवादी भनिएकाहरूले समाजवादको मार्ग प्रसस्त गर्न भनेर पार्टी एकता अभियान चलाइरहेका छन् । अझ बैज्ञानिक समाजवादका निम्ति भनेर बृहत कम्युनिष्ट एकताको कुरा पनि यदाकदा उठिरहेकै विषय हो ।

बामपन्थी र प्रजातान्त्रिक भनिएका अरू कतिपय दलहरूपनि वैचारिक अधिवेशनमा राजनीतिक अस्तित्वको लडाइँ समाजबादकै नारामा भइरहेको बताइरहेका छन् । मधेश र जातीय मुक्तीका नाममा उदाएका दलहरू पनि समाजवादको एजेण्डामा लय मिलाईरहेका छन् । पछिल्लो समय जेन्जी आन्दोलनका अभियन्ताहरूले पनि समाजवादकै ओकालत गरिरहेको पाइन्छ ।

समाजवाद केवल नारा होइन । यो त दिशा, नीति र चरित्र तीनैको परिभाषा हो । नेपालजस्तो विविधतापूर्ण, भौगोलिक रूपमा जटिल र दीर्घ राजनीतिक संक्रमण भोगिरहेको देशका लागि नेपाली यथार्थमा टेकेर बनेको आर्थिक-सामाजिक पुनर्गठनको खाका नै समाजवाद हो । यहाँ समाजवादी अवधारणा किन भन्ने विषयमा बुँदागत रूपमा विषयबस्तु उठान गर्नु सान्दर्भिक ठानेर केही विषयहरू उठान गर्ने कोषिस गरिएको छ ।

**१. समाजवादी अवधारणा किन ?**

नेपालमा असमानता क्षेत्रीय, वर्गीय, जातीय, लैङ्गिक, भाषिक सबै तहमा छ । यी विभेद हटाएर अवसरमा समान पहुँच दिलाउन नेपाली परिवेश सुहाउँदो समाजवाद भनिएको हो ।

नेपालको शक्ति भनेको गाउँको सामुदायिक संरचना हो । गुठी, आमा समूह, टोल समिति, सहकारी, वन उपभोक्ता समूहजस्ता तल्लो स्तरका नागरिकलाई राज्यका श्रोत र साधनमा हिष्सेदार बनाउन समाजवादी नारा उठाइएको हो । दुर्गम जिल्लामा शिक्षा, स्वास्थ्य र पूर्वाधार, सीमान्तकृत समुदायलाई लक्षित नीति, किसान श्रमिक, सुकुम्बासीलाई जमिनको मालिक भएको अपनत्व गर्न, भूमि, पुँजी र रोजगारीमा समान अवसर दिन समाजवादी बाटोको परिकल्पना गरिएको हो ।

नेपालको ६०% श्रमशक्ति कृषि र ग्रामीण क्षेत्रमा बस्छ । त्यसैले समाजवादको मेरूदण्ड कृषि हुनुपर्छ । सहकारीमार्फत सामूहिक खेती, मूल्य स्थिरीकरण, बीउ-बिजन, सिंचाइ राज्यबाट खाद्य सुरक्षा स्वतन्त्र प्रणाली, किसानलाई पेंशन-बीमाजस्ता विषयमा प्रत्यक्ष पहूच पुर्याउन आवश्यक छ, तसर्थ यो समाजवादी मार्गदर्शक सिद्धान्तको दृष्टीकोण हो । नेपालको सामाजिक न्याय भनेको आम नागरिकलाई रोजगारी सिर्जना हो । उर्जा, पर्यटन, कृषि, खानीजस्ता क्षेत्रलाई सार्वजनिक-निजी सहकार्यबाट उत्पादनमुखी बनाउने र देशभित्र रोजगारी श्रृजना गरी बाहिर गइरहेको श्रमशक्ति घटाउन समाजवादी अभ्यास आवश्यक भएको हो ।

नागरिकको सुरक्षाको ग्यारेन्टी गर्न र सबैलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क, वृद्ध, अपांग, एकल महिला, बालबालिका-सहायता बलियो बनाउन सामान्य नागरिकलेपनि सुरक्षित महसुस नगरेसम्म समाजवादको आत्मा पूर्ण हुँदैन । शिक्षालाई राज्यको निगरानीमा ल्याई समान पहुँच दिलाउन, ब्यापारिक शिक्षाको अन्त्य र ब्यवहारिक शिक्षाको विकास गरी निःशुल्क र गुणस्तरीय तथा एउटै शिक्षा प्रणालीको ब्यवस्था गर्न समाजवादी मार्गचित्र हो ।

नदी, खोला, जंगल, खनिजको उपयोग दीगो बनाउनका साथै प्रदूषण, अवैध दोहन नियन्त्रण र जलस्रोत व्यवस्थापनमा स्थानीय समुदायको स्वामित्व दिलाउन समाजवादले प्रकृतिसँग द्वन्द्व होइन, सहअस्तित्व खोज्नुपर्छ, यो समाजवादी बटम लाइन हो ।

**२. उत्पादनमुखी अर्थतन्त्रको पुनर्निर्माण** : नेपालको अर्थतन्त्र दशकौँदेखि वितरणमुखी राजनीतिमा डुबेको छ । सबै जिम्मेवारी रेमिट्यान्सले बोक्ने, सरकार भत्ता र अनुदान बाँड्न व्यस्त रहने, तर उत्पादन भने झनझन् कमजोर हुँदै जाने अवस्थाको हामी सामना गरिरहेका छौं । समाजवादमा 'आय-वितरण' मात्र होइन, सबैभन्दा पहिले 'आय-श्रृजन' को संरचना बनाउनुपर्छ भन्ने हो । नेपालमा समाजवाद यति बेला सुरू हुन्छ, जब राज्य कृषि, जलविद्युत्, पर्यटन, उर्जा प्रवाह, साना-मझौला उद्योग, प्रविधि उद्यम, यी सबैमा उत्पादन क्षमताको विस्तारलाई मूल एजेन्डा बनाइन्छ ।

**३. दलाली-पूँजी, ठेक्का तन्त्र र भ्रष्टाचारविरुद्ध संरचनागत संघर्ष:**

नेपालमा सर्वाधिक विनाशकारी शक्ति कुनै 'विचारधारा' होइन । दलालीकरण, ठेक्काकरण र ठूला ठेकेदार-राजनीतिज्ञ-निजामतीविचको गठजोड जस्तै भएको छ । यही संरचनाले कर चुसेको छ । बजेट खाइदिएको छ र राज्यलाई निर्बल बनाएको छ । नेपाली सापेक्ष समाजवादीहरूले गर्ने पहिलो काम यही संरचना भत्काउने हो । ठूलो परियोजना किनारामा राखेर, सार्वजनिक खरिद पारदर्शी बनाएर, दलका नेता व्यापारी गठजोडको चक्रव्यूह नतोडेसम्म समाजवादले प्राण पाउँदैन ।

**४. समान अवसरको सामाजिक संरचना निर्माण:**

नेपालमा सामाजिक असमानता केवल आर्थिक विभाजन होइन, जातीय, भौगोलिक, सांस्कृतिक, लिङ्गगत विभाजनहरु पनि सदियौदेखि गहिरो समस्या बनेर बसेका छन् । 'समाजवाद' भन्नासाथ धेरैले कंगाललाई भत्ता दिने कुरा मात्रै सम्झन्छन् । तर आधुनिक समाजवाद भनेको समान अवसर सुनिश्चित गर्ने व्यवस्था हो । शिक्षा, स्वास्थ्य, सीप, रोजगारीमा समान पहुँच जस्ता विषय समाजवादका मुख्य स्तम्भ हुन् ।

**५. समुदायकेन्द्रित शासन र स्थानीय स्वायत्तता:**

समाजवाद स्थानीय स्तरबाट आर्थिक कार्यक्रम जनताको सार्वभौमिकता, सांस्कृतिक विविधता र सामाजिक अभ्यासमा टेकेर उभिने हो । हामी गाउँमा जमिन, जल, जङ्गललाई उत्पादनशील बनाई गाउँको विकास मोडल परिवर्तन गरेर समाजवादी ढाँचामा जान जरूरी छ । भौगोलिक विविधता, सांस्कृतिक फरकपन, विकासको असमानता । यी सबैले स्थानीय स्वायत्ततालाई समाजवादको अपरिहार्य खम्बा बनाउँछन् । गाउँपालिका र नगरपालिकामा उत्पादन, सेवा, लगानी, उद्योग, सहकारी, सबैको नेतृत्व स्थानीय निकायले गर्न पाउनु नै नेपालमा समाजवादको कार्यान्वयनको व्यावहारिक रूप हो । अबको योजना राजधानी केन्द्रित होइन, केन्द्रले नीति बनाओस्, स्थानीयले विकासको गति तय गरोस् । समाजवाद आजैदेखि समुदाय र स्थानीय सरकारको विश्वासमा निर्माण गरिने विषय हो, पुँजीवादको चरम विकास पर्खिबस्ने होइन । समाजवादी आर्थिक प्रणालीको नारा 'क्षमता अनुसारको काम र काम अनुसारको दाम' भन्ने नारालाई ब्यवहारत कायम गर्नु समाजबादको पहिलो सर्त हो ।

**६. श्रमको सम्मान र सीप-ज्ञानमा विकास:**

देशका २० लाखभन्दा बढी युवाहरु श्रम बेच्न विदेश जान बाध्य छन् भने यहाँका राजनीतिक दलहरु समाजवादको प्रचार गर्छन् । यो विरोधाभास हो । समाजवाद तब मात्र सार्थक हुन्छ, जब देशभित्रै सीपयुक्त श्रमको सम्मान गरिन्छ, राम्रो तलब उपलब्ध हुन्छ, र औपचारिक श्रम बजार सुरक्षित बन्छ । नेपालको समाजवाद पुराना किताब, दर्शन र ठेलीबाट होइन । डिजिटल युगको पारदर्शिताबाट जन्माइनुपर्छ । सार्वजनिक सेवा, विकास बजेट, ठेक्का व्यवस्थापन, कर प्रशासन, सबै डिजिटल नियन्त्रणमा परेपछि मात्र भ्रष्टाचार नियन्त्रण हुँदै जान्छ ।

**७. नेपालमा समाजवादको प्रथम उद्घोषक:**

नेपालमा समाजवादको पहिलो उद्घोष गर्ने ब्यात्ति वी.पी. कोइराला भएको नेपालको राजनीतिक इतिहासले बताउँछ । वीपी कोइरालाले समाजवादलाई अध्यात्मसँग समेत जोडेर ब्याख्या गरेका थिए पनि भनिन्छ । वी.पी.ले आत्मकथामापनि समाजवाद नेपाली समाजको पहिलो सर्त भनेका छन् । नेकाको २०१२ सालको वीरगन्ज महाधिवेशनले पारित गरेको प्रस्तावमा नेपाली कांग्रेसले प्रजातन्त्र र अध्यात्मलाई सँगै जोडेर जानुपर्ने तर्क पेस भएको थियो । समाजवाद स्थापना गर्नु प्रजातन्त्रको विनाश गर्नु नभइ समाजवाद र प्रजातन्त्रको सुदृढ गठबन्धनबाट नै साँचो समाजवादी समाज निर्माण हुन्छ भन्ने विश्वास वीपी कोइरालाको रहेको पाइन्छ । अतः नेपाली कांग्रेस लोकतान्त्रिक उपायबाट समाजवाद स्थापना गर्न चाहन्छ । तर नेपाली काँग्रेसले वी पीको अन्त्यपछि अहिलेसम्म पनि समाजबादलाई कागजी घोषणापत्र मात्रै बनाएको देखिन्छ ।

नेपालको सन्दर्भमा उपयुक्त समाजवाद कागजी घोषणापत्रको होइन, नेपालको सामाजिक बनावट, भौगोलिक अवस्था, आर्थिक संरचना, इतिहास, संस्कृति र वर्तमान राजनीतिक यथार्थबाट जन्मिएको व्यवहारिक समाजवाद हुनुपर्छ ।

# धर्म संस्कारका कुरा

## के छ 'जुठो सुतक' संस्कारमा ?

**१) सूतक निर्णय:**

क) ६ महिनासम्मको गर्भस्राव भए (तुहे) आमालाई जति महिनाको गर्भ तुहेको हो त्यति दिन नछुने । बाबु र सपिण्डिलाई ४ महिनासम्मको भए न्वाहे शुद्ध हुन्छ र ५,६ महिनाको भए ३ दिन लाग्छ ।

ख) ७ महिनादेखि पूरा १० दिन बार्नुपर्छ र सुत्केरीलाई १० दिन छुनु हुँदैन ।

ग) नाल नकाटी मरे सपिण्डिलाई ३ दिन र सुत्केरीलाई १० दिन, नाल काटेपछि मरेको भए पूरै १० दिन ।

घ) माइतमा सुत्केरी भए बाबु र दाजुभाइलाई १ दिन । म्यान नाघेपछि सुनेको सूतक बार्नु पर्दैन ।

**२) जुठो निर्णय** :

क) छोरा व्रतवन्ध नगरी मरे बाबु आमा र सौतेनी आमालाई ३ रात ।

ख) ६ महिनासम्मको सपिण्डीले नुहाए पुग्छ ६ महिनादेखि ३ वर्षसम्म १ दिन ।

ग) छोरीको ६ महिनासम्म सपिण्डिलाई १ दिन, बाबु आमालाई ३ दिन ।

घ) विवाह गरेकी छोरी माइतमा मरे दाजुभाइलाई ३ दिन पतिको घरमा मरे पक्षिणी, काकालाई १ दिन, दिदि बहिनीलाई दाजुभाइ सरह ।

ङ) छोराले बाबुआमाको नियमले दशरात्रि बार्नुपर्छ ।( कर्म नचलेकाले पनि) ।

च) विवाह गरेकी छोरीको - १० दिन भित्र सुने ३ दिन र १० दिनपछि सुने एक दिन ।

छ) धर्मपुत्रल ३ दिन, क्रिया गर्नु परे १० दिन ।

ज) सौतेनी आमाको १० दिन एकवर्षपछि सुनेको भए ३ दिन ।

झ) छोरीले हजुरबुबा र काकाको बार्नु पर्दैन नुहाए मात्र पुग्छ ।

ञ) मामा माइजुको पक्षिणी, सौतेणी तरफका १ दिन । विवाहित भान्जीको स्नान मात्र ।

ट) भतिजाको पक्षिणी मात्र ।

ठ) सासू ससुराको ३ दिन । विवाहित छोरीले बाबु आमाको पनि ३ दिन ज्वाईले सासु ससुराको ३ दिन ।(छोराछोरी नजन्मी श्रीमती मरिसकेको भए पक्षिणी ।

**विवाहित छोरीले**

विवाहित छोरीले बाबुआमाको पनि ३ दिन बारे पुग्छ), ज्वाईको एक रात । ससुरालीमा नै मरेको भए ३ रात । सानीआमा, ठूलीआमा, फूपूको पक्षणी । सो घरमा मरे ३ दिन । सौतीनीफूपु, भदाको स्नान मात्र । सालासालीको १ दिन (कर्म नचलेकाको भए स्नानमात्र) फूपूका, सानिआमा ठुलीआमाका छोराको पक्षिणी, काका, सानिआमा, ठुलिआमा मामाका छोराहरू, छोरीको छोरी, भतिजी र यस्तै अलि-अलि सम्बन्ध पर्नेको स्नानमात्र । धर्मपुत्रले दुवै तर्फका बाबुआमाको ३ दिन धर्म पुत्रतिरका छोरा नातिको जुठो सूतक सपिण्डीभित्र १ दिन (कुलकै भए पुरा) । सात पुस्ताभित्र व्रतवन्ध भएका (सपिण्डीभित्र) १० रात्रि, गुरूको ३ दिन, मित्रको १ दिन । घरमा आई नाता नपर्ने मरे १ दिन बारे पुग्छ ।









# बाँदरको 'बन्ध्याकरण' गर्न पाँच लाख बजेट विनियोजन



**भोजपुर /** भोजपुरको पौवादुङ्मा गाउँपालिकाले बाँदरको 'बन्ध्याकरण' गर्न शुरूवाती चरणमा पाँच लाख बजेट विनियोजन गरेको छ । बाँदर क्षति नियन्त्रण गर्न बाँदरलाई बन्ध्याकरण गर्ने भएको हो । संघीय सरकारले बाँदर नियन्त्रणसम्बन्धी कार्यविधि तयार गरिरहेकै अवस्थामा गाउँपालिकाले संघीय सरकारसँगको समन्वयमा यहाँका बाँदरलाई बन्ध्याकरण गर्न लागेको हो ।

गाउँपालिकाको मंगलबारदेखि सुरू भएको गाउँसभाको १९औं अधिवेसनमार्फत आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रममा बाँदर नियन्त्रणका लागि अध्ययन, अनुसन्धान र बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्ने योजना समावेश गरिएको अध्यक्ष किरण राईले जानकारी दिए ।

"बाँदर किसानको जटिल समस्या बनेको छ", अध्यक्ष राईले भने, "बाँदर नियन्त्रणका लागि बन्ध्याकरणको कार्यक्रम सञ्चालनको तयारी गरेको छौं । संघीय सरकारसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने हाम्रो लक्ष्य छ ।"

गाउँपालिकाका अनुसार, बन्ध्याकरण विधिमार्फत बाँदरको प्रजनन दर नियन्त्रण गरी दीर्घकालीन समाधान खोज्ने लक्ष्य राखिएको छ । यसका लागि प्राविधिक जनशक्ति परिचालन, आवश्यक उपकरण व्यवस्थापन तथा सम्बन्धित निकायसँग सहकार्य गरिनेछ । यसले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने गाउँपालिकाले जनाएको छ ।

बालीबिरूवामा बाँदरले अपूरणीय क्षति गर्न थालेपछि यहाँ बाँदरको सत्त्या नियन्त्रण गर्ने उद्देश्यले बाँदरको बन्ध्याकरण गर्न लागिएको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताइन् ।

पछिल्लो समय गाउँपालिकाका विभिन्न वडामा बाँदरको सत्त्या तीव्र रूपमा बढ्दै गएको छ । बाँदरले विशेषगरी मकै, कोदो, आलुलगायत बालीमा क्षति पुर्याउँदै आएका छन् । जसका लागि पहिलो चरणमा खोज तथा अध्ययन गर्न गाउँपालिकाले रू पाँच लाख बजेटसमेत विनियोजन गरेको छ ।

## स्वास्थ्य

# उच्च **रक्तचाप**को मापन के हो ?



सामान्यतया १२०/८० रक्तचापलाई सामान्य मानिन्छ, तर १२० भन्दा बढी सिस्टोलिक र ८० भन्दा कम डायस्टोलिक रक्तचापलाई उच्च रक्तचाप भनिन्छ । स्टेज वान उच्च रक्तचापमा सिस्टोलिक १२०-१३० र डायस्टोलिक ८०-८५ हुन्छ, जसलाई खानपान र व्यायामले नियन्त्रण गर्न सकिन्छ । स्टेज टु उच्च रक्तचापमा सिस्टोलिक १३०-१४० र डायस्टोलिक ८५-९० हुन्छ, जसलाई तीन महिनासम्म जीवनशैली सुधारपछि पनि नियन्त्रण नभएमा औषधि आवश्यक पर्छ ।

सामान्यतया हाम्रो शरीरको रक्तचाप मापन गर्दा सिस्टोलिक १२० र डायस्टोलिक ८० हुनुपर्छ । यदी स्टिोलिक रक्तचाप १२० भन्दा माथि र डायस्टोलिक रक्तचाप ८० भन्दा कम हुनुलाई उच्च रक्तचाप भएको भनिन्छ । यदी सिस्टोलिक रक्तचाप १२० भन्दा देखि १३० सम्म छ र डायस्टोलिक रक्तचाप ८० देखि ८५ छ भने त्यसलाई स्टेज वान उच्च रक्तचाप भनिन्छ ।

यस्तै सिस्टोलिक रक्तचाप १३० देखि १४० सम्म र डायस्टोलिका रक्तचाप ८५ देखि ९० सम्म छ भने त्यसलाई स्टेज टु उच्च रक्तचाप भनिन्छ । यदि सिस्टोलिक रक्तचाप १४० भन्दा माथि र डायस्टोलिक रक्तचाप ९० भन्दा माथि भएकाहरूमा आँखा बिग्रने, मिर्गौला बिग्रने जोखिम रहन्छ ।

सिस्टोलिक रक्तचाप १२० सम्म राख्न सकियो भने पक्षघात, स्ट्रोक, आँखाको रेटिना बिग्रने, मिर्गौला बिग्रने जोखिम कम हुन्छ । यदी स्टेज वानको उच्च रक्तचापको समस्या छ भने स्वस्थकर खानपानले पनि उच्च रक्तचाप नियन्त्रण गर्न सकिन्छ । उच्च रक्तचाप नियन्त्रणका लागि स्वास्थ्यकर खाना खाने, शारीरिक व्यायाम गर्ने र तनावमुक्त रहनुपर्छ । स्टेज वान उच्च रक्तचापमा औषधि सेवन गरिहाल्नु पर्दैन । खानपानमा ध्यान दिएर नियन्त्रणमा राख्न सकिन्छ । स्टेज २ उच्च रक्तचाप अर्थात सिस्टोलिक रक्तचाप १३० देखि १४० सम्म र डायस्टोलिका रक्तचाप ८५ देखि ९० सम्म छ भने तीन महिनासम्म खानपान र व्यायाममा ध्यान दिनुपर्छ । तीन महिनासम्म जीवनशैलीमा सुधार गर्दा पनि रक्तचाप कम भएन भने औषधि सेवन गर्नुपर्छ ।

**उच्च रक्तचाप नियन्त्रणका लागि ध्यान दिनुपर्ने कुराहरु**

- ➢ एकदिनमा ४ देखि ६ ग्रामभन्दा बढी नुन नखाने ।
- ➢ तरकारी, फलफूल, नष्ट एण्ड सिड्स खाने गर्नुपर्छ ।
- ➢ धेरै चिल्लो, तारेको भुँटेको खानेकुरा कम खाने ।
- ➢ बोसोयुक्त मासु कम गर्ने ।
- ➢ धुमपान गर्नुहुँदैन ।
- ➢ योगा वा मेडिटेसन गर्ने ।
- ➢ तनाव कम गर्ने ।
- श्वासप्रश्वासको व्यायाम गर्ने ।
- नियमित शारीरिक व्यायाम गर्ने ।

## विश्वकप विशेष

# पोर्चुगलका किर्तिमानी क्रिस्टियानो रोनाल्डो





पोर्चुगलका भेट्रान स्ट्राइकर क्रिस्टियानो रोनाल्डोले फुटबल इतिहासमा अर्को अभूतपूर्व कीर्तिमान कायम गरेका छन् । जारी फिफा विश्वकप अन्तर्गत समूह केको खेलमा पोर्चुगलले उज्बेकिस्तानलाई ५-० को फराकिलो अन्तरले पराजित गर्दा रोनाल्डोले दुई गोल गर्दै इतिहास रचेका हुन् । यो जितसँगै ४१ वर्षीय रोनाल्डो ६ वटा फरक-फरक विश्वकप संस्करणमा गोल गर्ने विश्वकै पहिलो खेलाडी बनेका छन् ।

यसअघि उनले अर्जेन्टिनाका लियोनेल मेस्सीसँगै ५ वटा विश्वकपमा गोल गरेको कीर्तिमान साझेदार गरेका थिए ।

**रोनाल्डोको गोल यात्रा (सन् २००६ देखि २०२६)**

रोनाल्डोले सन् २००६ देखि २०२६ सम्मका प्रत्येक विश्वकपमा विभिन्न राष्ट्रहरूविरूद्ध गोल गर्दै यो ऐतिहासिक सफलता पाएका हुन् । उनले आफ्नो विश्वकप यात्राको सुरूवात २१ वर्षको उमेरमा जर्मनी विश्वकप २००६ बाट गरेका थिए, जहाँ उनले इरान विरूद्ध १ गोल गरे । त्यसपछि दक्षिण अफ्रिका विश्वकप २०१० मा २५ वर्षको उमेरमा उत्तर कोरिया विरूद्ध १ गोल र ब्राजिल विश्वकप २०१४ मा २९ वर्षको उमेरमा घाना विरूद्ध १ गोल थपे ।

उनको सबैभन्दा उत्कृष्ट लय रूस विश्वकप २०१८ मा देखियो, जहाँ ३३ वर्षको उमेरमा उनले चिरपरिचित प्रतिद्वन्द्वी स्पेनविरूद्ध सानदार ह्याट्रिक (गोल) र मोरक्कोविरूद्ध १ गोल गर्दै कुल ४ गोल गरे । यसैगरी कतार विश्वकप २०२२ मा ३७ वर्षको उमेरमा पुनः घानविरूद्ध नै १ गोल गरे । ह्युस्टनमा भएको खेलमा उज्बेकिस्तानविरूद्ध दुई गोल गरेसँगै विश्वकपमा रोनाल्डोको कुल गोल सत्त्या १० पुगेको छ ।

यससँगै उनले पोर्चुगलका महान् फुटबलर स्वर्गीय युसेबियोको ९ गोलको कीर्तिमानलाई उछिन्दै विश्वकपमा पोर्चुगलका लागि सबैभन्दा धेरै गोल गर्ने खेलाडीको कीर्तिमान आफ्नो नाममा लेखाएका छन् ।

४१ वर्ष १३८ दिनको उमेरमा गोल गरेका रोनाल्डो विश्वकप इतिहासमै गोल गर्ने दोस्रो सबैभन्दा पाका खेलाडी समेत बनेका छन् । यस सूचीमा उनी क्यामरूनका रोजर मिल्ला (४२ वर्ष ३९ दिन) भन्दा मात्र पछि छन् ।

प्रतियोगिताको आफ्नो पहिलो खेलमा कंगो प्रजातान्त्रिक गणतन्त्रविरूद्ध सङ्घर्ष गरेका रोनाल्डोले उज्बेकिस्तानविरूद्ध भने सुरूवाती समयदेखि नै उत्कृष्ट खेल देखाए । खेलको पहिलो हाफमा जोआओ कान्सेलोको उत्कृष्ट क्रसलाई सदुपयोग गर्दै रोनाल्डोले क्लोज-रेन्जबाट गोलको खाता खोलेका थिए । पहिलो हाफ सकिनु ठीक अघि रोनाल्डोले बक्स भित्रबाट चलाखीपूर्ण प्रहार गर्दै व्यक्तिगत दोस्रो गोल गरे । दोस्रो हाफको मध्यतिर उज्बेकिस्तानका खेलाडीबाट आत्मघाती गोल हुन पुग्यो भने खेलको ८७औं मिनेटमा राफा लेआओले गोल गर्दै पोर्चुगललाई ५-० को विशाल जित दिलाए ।

## अनौठो संसार

# ३ फिटकी दुलही र ४ फिटका दुलाहाको विवाह

भारत मध्यप्रदेशको सिरोन्ज गाउँको नयाँपूरा क्षेत्रमा बस्ने रेनुका नामदेवको उचाइ मात्र ३ फिट ८ इन्च छ । आफ्नो यही शारीरिक बनावटका कारण रेनुका विवाह गर्न चाहँदिन थिइन् । तर जब उनको भेट महाराष्ट्रको अकोला निवासी प्रतीक धानुकासँग भयो, तब उनी नयाँ जीवन शुरू गर्न तयार भइन् ।

रेनुका नामदेवका अनुसार, उनी कसैमाथि बोझ बन्न वा कसैका लागि लज्जाको कारण बन्न चाहँदिन थिइन् । त्यसैले उनले विवाह नगर्ने निर्णय गरेकी थिइन् ।

शारीरिक बनावटकै कारण कसैलाई समस्या नहोस् भन्ने उनको चाहना थियो । यद्यपि, प्रतीक धानुकासँग भेट भएपछि उनी खुसी-खुसी विवाहका लागि तयार भइन् ।

रेनुकाका परिवारले छोरीका लागि समझदार र राम्रो स्वभावका जीवनसाथी खोजिरहेका थिए । उता, महाराष्ट्रको अकोला निवासी प्रतीक धानुकाका परिवारले पनि संस्कारी र समझदार केटीको अपेक्षा गरेका थिए ।

रेनुकाको उचाइ ३ फिट ८ इन्च र प्रतीकको उचाइ ४ फिट २ इन्च भएकाले दुवैलाई आफ्नो लागि उपयुक्त जीवनसाथी छनोट गर्न धेरै कठिनाइ सामना गर्नुपरेको थियो ।



त्यसपछि दुवै परिवारले सामाजिक सञ्जालको सहारा लिएर संवाद शुरू गरे । विचार र स्वभाव मिल्दै जाँदा यो सम्बन्ध क्रमश: बलियो बन्दै गयो ।

प्रतीक हाल पुणेस्थित एक कम्पनीमा कार्यरत छन् भने रेनुकाले एमए सम्मको अध्ययन पूरा गरेकी छन् । दुवै परिवारको सहमतिमा यो विवाह सम्पन्न भएको हो ।

अकोलामा आयोजित उनीहरूको स्वागत समारोहमा ठूलो संख्यामा आफन्त र साथीभाइ सहभागी भए र नवदम्पतीलाई शुभकामना दिए ।


गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०




Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्


## मनोरञ्जन

# असोज २ मा फिल्म 'कार्की साइँला' प्रदर्शन हुने

**दमक/** चलचित्र 'कार्की साइँला' को नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माण पक्षले बुधबार चलचित्रको एक आधिकारिक पोस्टर सार्वजनिक गर्दै फिल्म आगामी असोज २ गते प्रदर्शन हुने जानकारी दिएको हो । एक भरियाको जीवनी र संघर्षको वरिपरि घुम्ने चलचित्रको छायाङ्कन पूर्वी नेपालका रमणीय स्थलहरू धनकुटा, सुनसरीको वराहक्षेत्र र चतरा लगायतका क्षेत्रमा गरिएको हो । राजेन्द्र बस्नेतको निर्देशनमा तयार भएको चलचित्रमा जितु र प्रियनाका साथै सुशील पोखरेल, वीरेन्द्र सिंह कुशवाह, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बु, रोदा राई र कमल देवकोटा लगायतका कलाकारको अभिनय देख्न सकिनेछ । अभिनेता जितु नेपालको मुख्य भूमिका रहेको चलचित्र यसअघि साउन १ गतेबाट प्रदर्शनमा आउने बताइएको चलचित्र सरेर असोजमा पुगेको हो । सार्वजनिक चलचित्रको नयाँ पोस्टरमा अभिनेता जितु नेपाल र अभिनेत्री प्रियना आचार्य (मुन्नी)लाई रोमान्टिक अन्दाजमा प्रस्तुत गरिएको छ । पोस्टरमा देखिएको उनीहरूको प्रेमिल भावले चलचित्र प्रेमकथामा आधारित रहेको अनुमान लगाउन सकिन्छ ।




कर्णबहादुर फिल्मस् प्रालिको ब्यानरमा निर्माण भएको यस चलचित्रका निर्माता बालकुमार राई हुन् भने कृष्ण भगत चाम्लिङ प्रस्तुतकर्ताका रूपमा रहेका छन् । चलचित्रको कार्यकारी निर्मातामा अनन्त राई हुन् । सबिन अधिकारी र शंकर धितालले लेखेको चलचित्रमा किरण दाहालको द्वन्द्व, दिप्सन लिम्बुको सङ्गीत छ । चलचित्रलाई काठमाडौं उपत्यकाभित्र काफिया फिल्मस्का तर्फबाट गोविन्द शाहीले र उपत्यका बाहिर कुबेर फिल्मस्ले बजार व्यवस्थापन गर्ने जिम्मा लिएका छन् ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार ११ गते
बिहीबार
25 June, 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | अध्ययनमा बाधा । मनमा भने उत्साह बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पारिवारिक कलह । खर्च बढेर जाला । मित्र मिलन । |
| मिथुन | का कि कु घ ङ छ के को हा | ब्यापार व्यवसायमा लाभ । परिवारिमा मेलमिलाप । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | भ्रमणको योग । नयाँ साथीभाइसँग भेटघाट । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | धर्मकर्ममा रुचि । मन प्रशन्न रहला । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | बढी विश्वासले गर्दा कामहरु बिग्रने । मन खिन्न । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | सहयोगी मन भएकाले अरुलाई छिटो विश्वासले घात हुने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मिष्ठान्न परिकार मिल्ने । खर्चको मात्रा बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | रोजगारीको बाटाहरु खुल्ने । स्त्रीसाथीबाट सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका बाटाहरु खुले पनि खर्च बढेर जाने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्यमा केही समस्या । मनमा उत्साह बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मान्यजनसँग भेटघाट । परिवारमा खुशीयाली । |

# देशभर एक लाख ३७ हजार हेक्टरमा धान रोपियो



**दमक/** असार महिनाको १० वितिसक्दा पनि धेरै खत बाँफै रहेका छन् । कृषि विभागले देशभर करिब १० प्रतिशतमात्रै धान रोपाइँ भएको जनाएको हो । गत वर्षको तुलनामा रोपाइँ ०.४ प्रतिशतले बढेको छ । हाल देशभर एक लाख ३७ हजार हेक्टर जमिनमात्रै रोपाइँ भएको छ ।

मुलुकभर करिब १३ लाख ८१ हजार हेक्टर जमिनमा रोपाइँ हुने गर्दछ । यही असार ८ गतेसम्म सबैभन्दा बढी कर्णाली प्रदेशमा २२।८ प्रतिशत र बागमती प्रदेशमा २।३ प्रतिशत रोपाइँ भएको छ । मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ । धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कुल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ । विभागका महानिर्देशक प्रकाशकुमार संजेलका अनुसार मनसुन अलि ढिला सक्रिय भएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन ।

मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ । कृषि सूचना केन्द्रले कृषि उत्पादन बढाउन पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि प्रयोग, मनसुनका अवस्थासम्बन्धी जानकारी दिँदै आएको छ । तराईका धेरैजसो खेतमा अझै रोपाइँ हुन सकेको छैन ।

## अन्तर्राष्ट्रिय

# विश्वव्यापी सुरक्षा संरचना कमजोर बन्दै

**एजेन्सी/** विश्वलाई सम्भावित विश्वयुद्धबाट जोगाउने 'एकमात्र' माध्यमका रूपमा रूसले आणविक हतियार भएको व्याख्या गरेको छ । विश्वव्यापी सुरक्षा संरचना कमजोर बन्दै गएको तथा नयाँ बहुराष्ट्रिय हतियार प्रतिस्पर्धाको चिन्ता बढिरहेका बेला क्रेमलिनले यस्तो धारणा सार्वजनिक गरेको हो । रूस र संयुक्त राज्य अमेरिकाबीचको अन्तिम आणविक हतियार नियन्त्रण सन्धि 'न्यू स्टार्ट'गत फेब्रुअरीमा समाप्त भएपछि विश्वका दुई प्रमुख आणविक शक्तिमाथिका प्रतिबन्ध हटेका छन् ।

दुवै देशले उच्चस्तरीय सैन्य वार्ता पुनः सञ्चालन गर्ने सहमति जनाए पनि उक्त सन्धिको नवीकरण वा प्रतिस्थापनका विषयमा हालसम्म कुनै ठोस प्रगति भएको छैन । मस्कोमा आयोजित एक विदेश नीति मञ्चलाई सम्बोधन गर्दै क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले विश्वव्यापी सुरक्षा प्रणाली क्रमशः कमजोर हुँदै गएको बताएका छन् ।

प्रविधिको तीव्र विकाससँगै भविष्यमा नयाँ प्रकारका गैर-आणविक हतियार विकास हुन सक्ने र ती विनाशकारी क्षमताका हिसाबले आणविक हतियारसरह हुन सक्ने उनको भनाइ थियो ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथिको आक्रमणका क्रममा पटक-पटक आणविक हतियारसम्बन्धी अभिव्यक्ति दिँदै आएका छन् । यसलाई युरोपेली राष्ट्रहरु तथा संयुक्त राज्य अमेरिकाले गैरजिम्मेवार 'आणविक धम्की'का रूपमा आलोचना गरेका छन् ।

# पाँचथरका सबै स्थानीय तहले ल्याए नीति तथा कार्यक्रम

**पाँचथर/** पाँचथर जिल्लाका सातवटै गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका छन् । अधिकांश स्थानीय तहले कृषि, स्वास्थ्य र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेका छन् । जिल्लाको हिलिहाङ गाउँपालिकाले भने असार ९ गते नै आफ्नो नीति तथा कार्यक्रम ल्याएको थियो ।

पाँचथरको फिदिम नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि १ अर्ब ४८ लाख ५ हजार रुपियाँको अनुमानित आयव्यय (बजेट) प्रस्तुत गरेको छ । गत वर्ष यस पालिकाको बजेट १ अर्ब १० करोड ५१ लाख ३३ हजार २०१ रुपियाँ रहेकामा यस वर्ष गत वर्षको तुलनामा करिब १० करोड रुपियाँ बजेट घटेको हो ।

नगर सभाको १९ औँ अधिवेशनमा उपप्रमुख राधाकृष्ण न्यौपानेले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरिएको थियो । नगर सभामा प्रस्तुत बजेट वक्तव्य अनुसार चालुतर्फ ७२ करोड ६३ लाख ३६ हजार रुपियाँ र पूँजीगततर्फ २७ करोड ८४ लाख ६८ हजार ३४२ रुपियाँ विनियोजन गरिएको छ ।

नगरपालिकाको यस अधिवेशनले कृषि, स्वास्थ्य, शिक्षा, पशुपालन र रोजगारी सिर्जनालाई उच्च प्राथमिकतामा राखेको छ । नगरपालिकाले पशुपालन र कृषिसँगै स्वास्थ्य तथा पूर्वाधार विकासमा समेत विशेष जोड दिएको छ । नगर सभामा नगर प्रमुख मित्रप्रसाद काफ्लेले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम र उपप्रमुख न्यौपानेले प्रस्तुत गर्नुभएको बजेट सर्वसम्मत रूपमा पारित भएको छ । अधिवेशनले विभिन्न विधेयकहरू समेत संशोधन गरेको छ ।

# २४ विदेशी नागरिक पक्राउ

***दमक/*** प्रहरीले पासपोर्ट नभएका तथा पर्यटक भिसाको अवधि सकिएपछि पनि नेपालमै बस्दै आएका २४ जना विदेशी नागरिकलाई पक्राउ गरेको छ।

जिल प्रहरी परिसर काठमाडौँका अनुसार उनीहरु विभिन्न समयमा नेपाल प्रवेश गरेका तर स्थायी परिचय खुल्ने कागजात, पासपोर्ट नरहेका तथा म्याद सकिएको पर्यटक भिसा लिइ गैरकानुनी रूपमा बस्दै आएका पाइएको छ।

प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाडौँको डल्लु र सितापाइलालगायतका क्षेत्रमा रहेका कपडा कारखानामा काम गर्दै गरेको अवस्थामा नियन्त्रणमा लिइएको हो।

उनीहरुलाई थप कारबाहीका लागि अध्यागमन विभागमा बुझाइएको छ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

***विद्युतीय...*** जसबाट ९९ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् ।

यसैबीच, मतदानलाई व्यवस्थित र छिटो बनाउन ८० वटा विद्युतीय मतदान मेसिन (इलेक्ट्रोनिक भोटिङ मेसिन) तयारी अवस्थामा राखिएको निर्वाचन समितिले जनाएको छ । प्रतिनिधिहरूले विद्युतीय माध्यमबाट मतदान गर्ने व्यवस्था मिलाइएको छ । एक प्रतिनिधिले मतदान गर्न करिब १० देखि १५ मिनेट समय लाग्ने अनुमान गरिएको छ । मतदान प्रक्रिया सहज बनाउन प्रतिनिधिहरूलाई मतदान प्रणालीबारे जानकारी दिन डेमो अभ्याससमेत सञ्चालन गरिएको छ ।

रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनमा केन्द्रीय सदस्य चयनका लागि रातिदेखि मतदान सुरू हुने भएको छ । केन्द्रीय सदस्यको निर्वाचन सम्पन्न भएपछि पदाधिकारी चयनको प्रक्रिया अगाडि बढाइनेछ । सम्भवतः आज बिहानसम्म उम्मेदवारहरूको अन्तिम टुंगो लाग्ने अपेक्षा गरिएको छ ।

***बेरुजु......***

र बेरूजु फछ्र्योटलाई मुख्य चासोको विषय बनाएको छ । महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनअनुसार दमक नगरपालिकामा ४ करोड १ लाख ७८ हजार ८७४ रूपैयाँ बेरूजु देखिएको छ । यसमध्ये ३३ लाख ६४ हजार रूपैयाँ असुल गर्नुपर्ने, ३ करोड ४ लाख ६१ हजार रूपैयाँ नियमित गर्नुपर्ने तथा ६३ लाख ५२ हजार रूपैयाँ बराबरको खर्चको प्रमाण कागजात पेश हुन बाँकी रहेको उल्लेख गरिएको छ ।

प्रतिवेदनअनुसार अघिल्लो वर्षसम्मको ३३ करोड ५६ लाख रूपैयाँ बेरूजुमध्ये ७ करोड ५ लाख रूपैयाँ फछ्र्योट भएको छ । हाल बाँकी बेरूजु र चालु वर्षको बेरूजु जोड्दा कुल बेरूजु ३१ करोड ५२ लाख ५६ हजार रूपैयाँ पुगेको छ । लेखा समितिले 'बेरूजु शून्य सहनशीलता नीति' प्रभावकारी रूपमा लागू गर्न, असुली प्रक्रिया तीव्र बनाउन, प्रमाण नपुगेका खर्चको व्यवस्थापन गर्न तथा पेश्की फछ्र्योटलाई प्राथमिकता दिन सुझाव दिएको छ ।

सो १९ औं सभामा विभिन्न विषयगत समितिहरूका प्रतिवेदन समेत प्रस्तुत गरिएका छन् । ति सबै प्रतिवेदनहरू असार २२ गते सोमबार बस्ने बैठकबाट पारित हुने जानकारी गराइएको छ ।

# सामुदायिक कुकुर नियन्त्रण अभियान सुरु

**दमक/** झापाका केही पालिकाम कुकुरको त्रास बढेपछि स्थायी बन्ध्याकरण तथा रेविज रोकथाम अभियान सञ्चालन गरिएको छ । झापाको शिवसताक्षी नगरपालिकाले सामुदायिक कुकुर नियन्त्रण तथा रेबिज रोकथाम अभियान सुरू गरेको छ । सोमबार एकैदिन झिलझिले आसपासमा आधा दर्जनभन्दा बढी मानिसलाई सामुदायिक कुकुरले टोकेपछि स्थानीयवासी त्रसित बनेका छन् । कुकुरको आक्रमणबाट मानिस तथा गाईबस्तु असुरक्षित बनेपछि स्थानीयले नगरपालिकासँग तत्काल पहल गर्न माग गरेका थिए । घटनापछि नगरपालिकाले सबै सामुदायिक कुकुरलाई रेबिजविरूद्धको खोप लगाउने र सम्भव भएसम्म बन्ध्याकरण गर्ने व्यवस्था मिलाउन पशु सेवा शाखालाई निर्देशन दिएको थियो । नगर प्रमुख मेगाहाङ थोप्राका अनुसार मंगलबार बिहानदेखि नगरपालिकाको प्राविधिक टोली परिचालन गरी अभियान सुरू गरिएको छ । टोलीले सामुदायिक कुकुरको पहिचान, रेबिजविरूद्ध खोप तथा बन्ध्याकरणका लागि आवश्यक तयारी गरिरहेको छ । कुकुरको टोकाइबाट प्रभावित व्यक्तिहरूको उपचार व्यवस्थापन र रेबिज सङ्क्रमण फैलिन नदिन नगरपालिका सतर्क रहेको नगर प्रमुख थोप्राले बताए । नगरपालिकाले सर्वसाधारणलाई कुकुरको टोकाइ भएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क गर्न आग्रह गरेको छ ।

***सांसद.....*** दिएको मान्यताविरूद्ध यादवले सर्वोच्चमा रिट दायर गरेका थिए । फैसलापछि जसपा नेपालका केन्द्रीय सदस्य जयराम यादवले सांसद लिम्बुले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने बताएका छन् । उनका अनुसार पार्टीले विश्वास गरेर पठाएकी सांसदले पार्टी संकटमा परेको बेला अर्को समूह रोजेकाले अब पदमा बसिरहनु नैतिक रूपमा उपयुक्त नहुने बताए ।

जसपा नेपाल कोशी प्रदेश अध्यक्ष दीपक याख्खाले लिम्बुलाई अनुशासनको कारबाही गरी पदमुक्त गर्ने बताए । सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ आएपछि निर्वाचन आयोगमा पत्र पठाइने र कानुनी प्रक्रिया अघि बढाइने उनले जानकारी दिए ।

***विष्णु पौडेल.......***

विपक्षी बनाइएको छ । रिटमा पौडेललाई गैरकानुनी रूपमा थुनामा राखिएको जिकिर गर्दै तत्काल रिहा गर्न माग गरिएको छ ।सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धानका क्रममा प्रहरीले पौडेललाई असार ८ गते सुर्खेतबाट पक्राउ गरेको थियो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रका आधारमा उनलाई आवश्यक पक्राउ पुर्जी जारी गरी मंगलबार काठमाडौं ल्याइएको थियो ।

उनीमाथि सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान भइरहेको छ। यसअघि सोही प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका दीपक भट्टको सेयर कारोबारसँग जोडेर पौडेलमाथि अनुसन्धान अघि बढाइएको हो । मंगलबार विशेष अदालत काठमाडौंमा उपस्थित गराइएका पौडेललाई अदालतले अनुसन्धानका लागि सात दिन हिरासतमा राख्न अनुमति दिएको छ । त्यसलगत्तै उनकी पत्नी दोमाया पौडेलले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी हुन् ।

**रबर स्ट्याम्प बनाउने ठाउँ**
**बिजि स्टेशनरी एण्ड छापाखाना**
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

# अर्जुनधारा नगरपालिकाको बजेट सार्वजनिक

***झापा/*** झापाको अर्जुनधारा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३ / ०८४ का लागि ८९ करोड ८५ लाख २५ हजार रूपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सुशासन तथा सामाजिक सुरक्षालाई केन्द्रमा राख्दै नगरपालिकाले आगामी वर्षका लागि विकासको खाका प्रस्तुत गरेको हो।

नगरपालिकाको १९औँ नगरसभामा उपप्रमुख खड्गमाया पराजुलीले बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै उत्पादनमुखी कृषि, गुणस्तरीय सार्वजनिक सेवा र नागरिकमैत्री शासन प्रणालीलाई आगामी वर्षको मुख्य लक्ष्य बनाइएको बताइन्।

प्रस्तुत बजेटअनुसार कृषि तथा पशुपन्छी विकासतर्फ १ करोड ११ लाख रूपैयाँ विनियोजन गरिएको छ । सामाजिक विकास क्षेत्रका लागि ५ करोड २५ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ १ करोड ४४ लाख, संस्थागत विकास तथा सुशासनका लागि १ करोड २९ लाख तथा पूर्वाधार विकासतर्फ १० करोड ६८ लाख रूपैयाँ छुट्याइएको छ । नगरपालिकाले स्थानीय उत्पादन वृद्धि, कृषि व्यवसायीकरण तथा रैथाने बालीको संरक्षणलाई विशेष महत्व दिएको छ। किसानलाई उत्पादनमा प्रोत्साहन गर्दै कृषि क्षेत्रलाई आयआर्जनसँग जोड्ने योजनासहित नीति तथा कार्यक्रम अघि सारिएको छ। त्यसैगरी भूमिहीन, दलित तथा सुकुम्बासी समुदायको व्यवस्थापनलाई पनि आगामी वर्षको प्राथमिक कार्यसूचीमा राखिएको छ ।

नगरले डिजिटल प्रविधिमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्यसहित डिजिटल सुशासनको अवधारणालाई थप विस्तार गर्ने जनाएको छ। सार्वजनिक सेवा वितरणलाई छरितो, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यले सूचना प्रविधिको प्रयोगलाई व्यापक बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

**नेपाल परिवार नियोजन संघ, झापा शाखाको**

## निर्वाचन तालिका तथा शाखा सभाको सूचना

यस कार्यसमितिको २०८३ असार ४ गतेको बैठकको निर्णय अनुसार नेपाल परिवार नियोजन संघ झापा शाखा समितिको २०८३ देखि २०८६ सम्मकोलागी सभापति र कोषाध्यक्ष पदकोलागी मिति २०८३।०३।३१ गते हुने मतदान तथा यस शाखाको ४८ औं शाखा सभा लगायत निर्वाचन कार्यक्रम निम्नानुसार रहेको यसै सुचना मार्फत जानकारी गराइएको छ ।

**कार्यक्रम:**

| क्र.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | निर्वाचन हुने पदकोलागी उम्मेद्वारको मनोनयन सूचना प्रकशान | २०८३।०३।१० गते | बिहान १० बजे |
| २ | उम्मेद्वारको मनोनयन दाखिला | २०८३।०३।१७ गते | बिहान ११ बजेदेखि १२ बजे सम्म |
| ३ | खाली पदमा मनोनयन दर्ता | २०८३।०३।२० गते | बिहान १० बजे देखि ११ बजे सम्म |
| ४ | मनोनयन पत्र दाखिला भएका उम्मेद्वारको नामावली प्रकाशन | २०८३।०३।२० गते | अपरान्ह ०३ बजे |
| ५ | मनोनयन उपर दाबी विरोध | २०८३।०३।२१ गते | बिहान ११ बजेदेखि अपरान्ह ०३ बजे सम्म |
| ६ | योग्य उम्मेद्वारको अन्तिम छनौट | २०८३।०३।२२ गते | कार्यालय समय भित्र |
| ७ | योग्य उम्मेद्वारको नामावली प्रकाशन | २०८३।०३।२३ गते | बिहान ११ बजे |
| ८ | योग्य उम्मेद्वार बीचमा सहमति | २०८३।०३।२४ गते | बिहान ११ बजेदेखि |
| ९ | निर्वाचन सम्बन्धि थप निर्वाचन कार्यक्रम निवार्वचन अधिकृतले प्रकाशन गर्ने | २०८३।०३।२५ गते | बिहान १० बजे |
| १० | मतदाता नामावली प्रकाशन | २०८३।०३।२५ गते | बिहान १० बजे |
| ११ | मतदाता नामावलीमा संशोधन | २०८३।०३।२६ गते | अपरान्ह १ बजे |
| १२ | मतदान | २०८३।०३।३१ गते | बिहान ११ बजेदेखि अपरान्ह ०३ बजे सम्म |
| १३ | नतिजा प्रकाशन | २०८३।०३।३१ गते | मत गणना पछि |
| १३ | शाखा सभा | २०८३।०३।३२ गते | बिहान १०.३२ बजेबाट |

*निर्वाचन सम्बन्धि सम्पुर्ण कार्यक्रमहरु नेपाल परिवार नियोजन संघ झापा शाखामा हुनेछ र ४८ औं शाखा सभा निम्न मिति समय र स्थानमा संचालन हुनेछ ।*

♦ मिति: २०८३।०३।३२ गते बिहिवार ♦समय : विहान १०.३२ बजे
♦स्थान: जिल्ला समन्वय समितिको सभाहल झापा, चन्द्रगाढि

*पुनश्चः आ.व. २०८२/०८३ को आजीवन सदस्यको अद्याबधिक ०८३ असार ३२ गते बिहिबार बिहान १०.३२ देखि अपरान्ह ३.३२ सम्म जि.स.स. झापा (भद्रपुर ८ चन्द्रगाढि को हलमा नै हुने व्यहोरा अनुरोध छ ।*

FPAN Family Planning Association of Nepal
**नेपाल परिवार नियोजन संघ, झापा शाखा**
भद्रपुर-८, झापा (फोनः ०२३-४५२१७७)
इमेलः fpanjhapa@fpan.org.np
वेबसाइटः www.fpan.org

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय, झापा
भद्रपुर, नेपाल

## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

पूर्वाधार विकास कार्यालय, झापा जिल्ला, कोशी प्रदेश प्रस्तावक रहेको तोपगाछी-क्याम्पा-गौरादह बजार-गौरीगन्ज-ठेकी टोला (२०.४ किमि) सडक निर्माण तथा स्तरोन्नतिबाट सो क्षेत्रको भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक वातावरणमा पर्न सक्ने प्रभाव सम्बन्धमा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाब संकलनको लागि निम्न मिति, स्थान र समयमा आयोजना हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थिति लागि हार्दिक अनुरोध छ ।

**कार्यक्रम**

❑ **मिति: २०८३ असार १८ गते, बिहिवार**
❑ **समय: विहान ८ बजे**
❑ **स्थान: कमल गाउँपालिका वडा नं २, समयगढ**

❑ **मिति: २०८३ असार १८ गते, बिहिवार**
❑ **समय: दिउँसो १ बजे**
❑ **स्थान: गौरादह नगरपालिका वडा नं २, हाँसखोरा**

## उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने निर बहादुर लिम्बुको नाममा दर्ता कायम रहेको मधुमल्ला५/झ मा भएको कि कि.नं. ५०८९ ज.वि. ०-०-६-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियार को नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्बतर्फ सँधियार यमुना कटुवाल उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल